दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २४१ | बुटवल | २०८३ भदौ २९, सोमबार | नेपाल संवत ११४६ | Monday September 14, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## भोटेकोसी बाढीको कहर :

# पाँच जिल्लाका ७५ सय बढी निजी घर क्षतिग्रस्त

**लुम्बिनी संवाददाता**

*बुटवल*

भदौ १० गते तिब्बत हुँदै रसुवाको भोटेकोसी नदीमा आएको भीषण बाढीका कारण पाँच जिल्लाका ७ हजार ५ सय ७० निजी भवनमा ठुलो क्षति भएको छ। राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको प्रतिवेदनमा अब ती भवन पुनःस्थापना तथा पुनर्निर्माण गर्न ९५ अर्ब ८२ करोड ७२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन गरिएको छ।

बाढीपछि भएको आर्थिक नोक्सानी तथा पुनःस्थापना/पुनर्निर्माणका विषयमा आयोग र प्राधिकरणले संयुक्त रूपमा अध्ययन गरेका हुन् । रसुवागढीनजिक लेहन्दे खोला जलाधार क्षेत्रमा बरफ र चट्टानसहितको हिमपहिरोबाट सिर्जित 'डेब्रिस फ्लो' (तीव्र गतिमा बग्ने भिरालो जमिनको पहिरो) भोटेकोसी नदीमा मिसिएपछि त्रिशूली हुँदै नारायणी नदीसम्म फैलिएको थियो।

जुन बाढीले रसुवासहित नुवाकोट र धादिङसम्मका बस्ती तथा पूर्वाधार ध्वस्त पारेको छ । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको 'द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदन (आरडीएनए) का अनुसार बाढीका कारण ८ हजार ३१७ घरपरिवार र ३२ हजार ९६३ मानिस विस्थापित भएका छन्। आकस्मिक बाढीका कारण सबैभन्दा बढी क्षति नुवाकोट जिल्लामा भएको छ। जहाँ ३ हजार ९७७ निजी भवन ध्वस्त भएका छन्।



प्रतिवेदनअनुसार बाढीका कारण रसुवामा १ हजार ७७९, धादिङमा १ हजार ४५१, गोरखामा २६३ र चितवनमा १०० निजी भवनमा क्षति भएको छ। बाढीबाट स्थानीय तहमा सबैभन्दा बढी विदुर नगरपालिका प्रभावित देखिएको छ। विदुरमा मात्रै ३ हजार २६ भवनमा क्षति भएको छ। त्यसपछि रसुवाको गोसाईंकुण्डमा १ हजार ४३ र धादिङको बेनिघाट रोराङमा १ हजार ३७ भवन क्षतिग्रस्त भएका छन्। वडागत रूपमा भने नुवाकोटकै किस्पाङ गाउँपालिकाका ५ वटा वडा सबैभन्दा बढी प्रभावित देखिएका छन् । सो वडामा बाढीले ६९६ भवनमा क्षति भएको छ । त्यसपछि रसुवाको गोसाईंकुण्ड गाउँपालिकाको-२ मा ५७१ र धादिङको बेनिघाट रोराङ-३ मा ५५३ भवनमा क्षति भएको छ।

यद्यपि कुन भवन मर्मत गर्न मिल्ने, कुन पुनर्निर्माण गर्नुपर्ने र कुन जोखिमका कारण स्थानान्तरण गर्नुपर्ने भन्ने कुरा भने थप निरीक्षण तथा घरधुरी प्रमाणीकरणपछि मात्र एकिन गर्न सकिने प्रतिवेदनमा उल्लेख गरिएको छ। प्रतिवेदनअनुसार निजी भवन र घरायसी सम्पत्तिमा भएको कुल क्षति ६३ अर्ब ८ करोड ४ लाख रुपैयाँ बराबर भएको अनुमान गरिएको छ । जसमध्ये भवन संरचनातर्फ ३८ अर्ब ९३ करोड ३८ लाख रुपैयाँ र घरायसी सम्पत्तिमा २४ अर्ब ९५ करोड १० लाख रुपैयाँ बराबरको क्षति भएको मूल्यांकन छ।

क्षति भएका निजी भवन पुनःस्थापना तथा पुनर्निर्माणका लागि ९५ अर्ब २ करोड ७२ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । यसमा प्रारम्भिक र दीर्घकालीन दुवै काम समेटिएका छन्। पहिलो ६ महिनाका लागि ४ करोड रुपैयाँ र त्यसपछि दीर्घकालीन पुनःस्थापना तथा पुनर्निर्माणका लागि ९५ अर्ब ३४ करोड ७२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन छ। यस रकममा भग्नावशेष हटाउने, अस्थायी आवास तथा खानेपानी-सरसफाइको व्यवस्था गर्ने, विस्तृत भवन मूल्यांकन गर्ने, घर मर्मत तथा पुनर्निर्माण गर्ने र आवश्यक घरायसी सम्पत्ति पुनःस्थापना गर्ने काम समेटिएका छन् । तथापि भवनको वास्तविक क्षेत्रफल, संरचनाको अवस्था र घरायसी सम्पत्तिमा भएको वास्तविक क्षति थप विस्तृत अध्ययनपछि फरक पनि पर्न सक्ने भएकाले पुनर्निर्माणको लागत संशोधन हुन सक्ने प्रतिवेदनले जनाएको छ।

समग्रमा भोटेकोसी-त्रिशूली-नारायणी बाढीबाट कुल भौतिक क्षति तथा आर्थिक नोक्सानी ४ खर्ब ८ अर्ब २८ करोड ९१ लाख रुपैयाँ बराबरको भएको अनुमान गरिएको छ । ती सबै क्षेत्रमा पुनःस्थापना, पुनर्निर्माण र जोखिम न्यूनीकरणका लागि भने ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन रिपोर्टमा गरिएको छ। तत्कालीन आकलनअनुसार निजी घर तथा भवनको पुनःस्थापनाका लागि ९५ अर्ब ८२ करोड ७२ लाख रुपैयाँ आवश्यक देखिएको छ।

**१०५ वटा पुल बग्दा कति क्षति ?**

यही भदौ १० को बाढीले १०५ वटा पुल बगाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय योजना आयोगले संयुक्त रुपमा तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदनले बाढीले ३७ वटा मोटरेबल पुल र ६८ वटा झोलुंगेमा क्षति पुगेको छ।

बाढीबाट पुलमा कुल ११ अर्ब ३५ करोड ११ लाख रुपैयाँको क्षति पुगेको छ। जसमा मोटरेबल पुलमा ९ अर्ब ४१ करोड ४४ लाख रुपैयाँ र झोलुंगे पुलमा १ अर्ब ९३ करोड ६७ लाख रुपैयाँ क्षति पुगेको छ।

बाढीबाट क्षति पुगका धादिङ, गोर्खा, नुवाकोट र रसुवाका उक्त मोटरेबल पुलको लम्बाई ३.३२ किलोमिटर लामो थियो। ३७ मध्ये ३३ पुल खोलामा बगेका छन् जसको लम्बाई २.७९२ किलोमिटर र आंशिक क्षतिको ४ पुलेको लम्बाई २४० मिटर छ। बाढीले धादिङका ८ वटा पुलमा क्षति पुगेको छ। जसमा ३ वटा पुलमा आंशिक क्षति पुग्दा ५ वटा पुल बगेका छन्। गोर्खाको १ पुल बगेको छ।

नुवाकोटमा १५ वटा पुलमा क्षति पुगेको छ। १ वटा पुल आंशिक क्षति हुँदा १४ वटा पुल बगेका छन् । बाढीले रसुवाका १३ वटा पुल पुगेको छ । बाढीबाट धादिङका पुलमा २ अर्ब ५८ करोड ६५ लाख रुपैयाँ, गोर्खाका पुलमा ४१ करोड ३० लाख रुपैयाँ, नुवाकोटका पुलमा ४ अर्ब ६५ लाख ७५ हजार रुपैयाँ र रसुवाका पुलमा १ अर्ब ७५ करोड ७४ लाख रुपैयाँको क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ।

प्रभावित मोटरेबल पुलमध्ये नुवाकोटको हिस्सा ४०.५ प्रतिशत भने तीनमा भएको कुल क्षतिको हिस्सा ४९.५ प्रतिशत छ। धादिङको तलुनानमा रसुवामा प्रभावित पुलहरुको संख्या बढी देखिए पनि तिनको क्षतिको मूल्य भने कम हुनुका कारण पुलको लम्बाइ कम भएकाले हो।

बाढीबाट क्षति पुगेको ६८ वटा झोलुंगे पुलको लम्बाई १०.६७० किलोमिटर छ। जसमा डी टाइप झोलुंगे पुल ४९ वटा र एन टाइप झोलुंगे पुल १९ वटा छन् । क्षतिग्रस्त पुलको पुनर्स्थापनागर्न १८ अर्ब १६ करोड १७ लाख रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान छ। जसमा तत्कालका लागि १ अर्ब ५५ करोड र दीर्घकालीन पुनर्स्थापनाका लागि १६ अर्ब ६१ करोड १७ लाख रुपैयाँ लाग्ने प्रतिवेदनमा उल्लेख छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालयहरू, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा निकाय र प्राविधिक संस्थाहरूको सहकार्यमा तयार गरिएको द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदनले तत्कालीन र दीर्घकालीन पुनरुत्थानका लागि आवश्यक बजेटको प्रक्षेपण गरेको हो।

प्रतिवेदनमा ६ महिनासम्मको शीघ्र पुनरुत्थानका लागि ८ अर्ब ७३ करोड ५० लाख रुपैयाँ आवश्यक पर्नेछ । त्यसपछि हुने दीर्घकालीन पुनरुत्थानका लागि भने ७ खर्ब १४ अर्ब ५८ करोड ३ लाख रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ। यसरी बाढीले क्षति पुऱ्याएको समग्र क्षेत्रको पुनर्निर्माणको लागि ७ खब २३ अर्ब ३१ करोड ५३ लाख रुपैयाँ पुगेको छ। दीर्घकालीन पुनरुत्थानको सबैभन्दा ठूलो हिस्सा ऊर्जा क्षेत्रमा आवश्यक पर्ने देखिएको छ। जलविद्युत् तथा ग्रिड पूर्वाधार पुनर्निर्माणका लागि मात्रै ३ खर्ब ८९ अर्ब ५७ करोड ३० लाख रुपैयाँ आवश्यक पर्ने आकलन प्रतिवेदनमा गरिएको छ। ऊर्जा क्षेत्रमा तत्कालीन पुनरुत्थानका लागि भने १ अर्ब ५ करोड रुपैयाँ आवश्यक पर्ने देखिएको छ। निजी आवास तथा घरधुरी पुनर्निर्माणका लागि दीर्घकालीन रूपमा ९५ अर्ब ३४ करोड ७२ लाख रुपैयाँ र विपद् तथा जलवायु जोखिम व्यवस्थापनका लागि ९४ अर्ब ४० करोड ३१ लाख रुपैयाँ आवश्यक पर्ने देखिएको छ।

त्यसैगरी, सडक र पुलजस्ता यातायात पूर्वाधारको पुनर्निर्माणमा पनि ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ । सडकतर्फ तत्कालीन पुनर्निर्माणका लागि ३ अर्ब १९ करोड र दीर्घकालीन पुनरुत्थानका लागि ५१ अर्ब ९९ करोड १३ लाख रुपैयाँ आवश्यक पर्ने अनुमान प्रतिवेदनमा गरिएको छ। पुलतर्फ तत्काल सञ्चालनमा ल्याउनको लागि १ अर्ब ५५ करोड र दीर्घकालीन रूपमा सञ्चालन गर्ने गरी पुनर्निर्माण गर्न १६ अर्ब ६१ करोड १७ लाख रुपैयाँ आवश्यक पर्नेछ।

खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा दीर्घकालीन हिसाबले पुनर्निर्माण गर्न १ अर्ब ५५ करोड ८६ लाख, सार्वजनिक भवन तथा पूर्वाधारमा ४ अर्ब ११ करोड ५५ लाख र शिक्षामा २ अर्ब २३ करोड ८२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन गरिएको छ। कृषि, पशुपालन, दूरसञ्चार, स्वास्थ्य, घरेलु नवीकरणीय ऊर्जा, मत्स्यपालन तथा फोहोर-लेदो व्यवस्थापनलगायत क्षेत्रमा पनि पुनरुत्थानका ठूलो मात्रामा बजेट आवश्यक पर्ने देखिएको छ।

कृषि क्षेत्रमा दीर्घकालीन पुनरुत्थानका लागि १ अर्ब ७ करोड १० लाख, पशुपालनमा १ अर्ब ५८ करोड ७७ लाख, दूरसञ्चारमा ६० करोड ३० लाख र स्वास्थ्यमा ६५ करोड ५० लाख रुपैयाँ आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ । यसैगरी घरेलु नवीकरणीय ऊर्जाका लागि १ अर्ब ५४ करोड ८२ लाख र मत्स्यपालनका लागि १ अर्ब ६ करोड ९९ लाख रुपैयाँ आवश्यक पर्ने देखिएको छ।

**६९ किलोमिटर सडकमा क्षति**

यही भदौ १० को रसुवा बाढीले ६९ किलोमिटर सडकमा क्षति पुगेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय योजना आयोगले संयुक्त रुपमा तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदनले बाढीले आंशिक र पूर्ण रुपमा ६९ किलोमिटर सडकमा क्षति पुगेको औंल्याएको हो।

» बाँकी ३ पेजमा

## बाढी प्रभावित परिवारलाई मासिक १५ हजार

बुटवल। सरकारले भोटेकोशी बाढी प्रभावित परिवारलाई स्थायी आवास निर्माण नभएसम्मका लागि आवास भाडा तथा खर्च व्यवस्थापन गर्न ४ सदस्यसम्मलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ। सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सामाजिक सञ्जालमार्फत बाढी प्रभावित नागरिकहरूको राहत, पुनर्स्थापना र पुनर्निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको बताउँदै मन्त्रिपरिषद्को यस्तो निर्णय सार्वजनिक गरेका छन् ।

मन्त्री तिमिल्सिनाका अनुसार गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकबाट भोटेकोशी बाढी प्रभावित चार सदस्यसम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँ र चार जनाभन्दा बढी सदस्य भएमा प्रति सदस्य मासिक थप २ हजार रुपैयाँ अतिरिक्त रकम उपलब्ध गराउने निर्णय भएको छ।

कुनै परिवारले मासिक नगद भाडा सुविधा लिन नचाहेको खण्डमा सरकारले नै स्थायी आवास निर्माण नहुन्जेल अस्थायी आवासको व्यवस्था गरिदिने विकल्पसमेत उपलब्ध गराएको छ। यसका लागि आवश्यक विवरण तथा तथ्याङ्क संकलन गर्न सम्बन्धित सबै स्थानीय तहहरूमा फाराम पठाइसकिएको उनले जानकारी दिएका छन्। विपद्बाट भएको क्षतिको प्रारम्भिक मूल्याङ्कन सम्पन्न भइसकेको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले हाल विस्तृत आवश्यकता मूल्याङ्कन प्रक्रिया जारी रहेको बताएका छन् । उक्त मूल्याङ्कनका आधारमा आवश्यक स्रोत सुनिश्चित गरी पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यहरूलाई तीव्रताका साथ अघि बढाइने उनको भनाइ छ।

## सरकार छापा माध्यमलाई सिध्याउन लागेको छ : ओली



बुटवल । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार छापा माध्यमलाई सिध्याउने गरी प्रस्तुत भएको आरोप लगाएका छन् ।

नेपाल पत्रकार महासंघ र छापा सञ्चारमाध्यम बचाउ अभियानका प्रतिनिधिहरूबाट ध्यानाकर्षण पत्र बुझ्दै अध्यक्ष ओलीले सरकारलाई 'छापा-मार' को संज्ञा दिए।

'मैले देख्दा त अहिलेको सरकार 'छापा-मार' सरकार जस्तो देखिन्छ। 'छापामार' एकै ठाउँमा होइन- छापा, मार् सरकार । त्यसो भएपछि सञ्चारमाध्यमलाई अप्ठ्यारो त हुने नै भयो ।'- ओलीले भने।

सञ्चार जगतले लोककल्याणकारी विज्ञापन कटौती, बजारको मन्दी र सरकारी बेवास्ताका कारण भोग्नुपरेको संकटबारे ध्यानाकर्षण गराएपछि ओलीले लोकतन्त्र र प्रेस स्वतन्त्रता एकअर्काका पूरक भएको बताए। उनले मिडियामाथिको प्रहार समग्र लोकतन्त्रलाई कमजोर बनाउने प्रयास भएको उल्लेख गर्दै यस्ता प्रतिगामी कदम लामो समय नटिक्ने बताए।

इतिहास सुनाउँदै अध्यक्ष ओलीले भने-'१०४ वर्ष टिकेको राणा शासन ढल्यो, ३० वर्षको पञ्चायत सकियो, ज्ञानेन्द्रले २०६१ मा गरेको 'कु' ६३ सम्म पुग्दा अन्त्य भयो । त्यसैले अहिलेका संकीर्ण र स्वतन्त्रताविरोधी कदमहरू पनि धेरै लामो समय टिक्न सक्दैनन् ।'

» बाँकी ३ पेजमा

## विद्युतीय खरिद प्रणालीमा समस्या, ठेक्का सूचना पत्रिकामै छाप्नुपर्ने




बुटवल । वर्तमान सरकारले नै प्राथमिकताका साथ अगाडि बढाएको विद्युतीय प्रणालीमार्फत् सरकारी सेवा प्रदान गर्ने अभियानमा विद्युतीय खरिद प्रणालीले धक्का दिएको छ। सो प्रणालीमा सुरक्षाको उच्च जोखिम रहेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले ११ भदौमा एक सूचना जारी गरेको थियो।

कार्यालयले प्रणालीको मर्मत सम्भार र सुधारको काम भइरहेको सूचनामा उल्लेख गरेको छ। तर, विद्युतीय प्रणालीमा समस्या आएर सेवा बन्द गरेको १८ दिन पुगिसक्दा समेत समस्या समाधान भइसकेको छैन।

बरु सरकारी निकायले अहिले धमाधम विद्युतीय खरिदबाट आह्वान गरेका बोलपत्र रद्द गरिरहेका छन्। त्यसको विकल्पमा अहिले हार्डकपीमार्फत् बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र आह्वान भइरहेको छ । अर्थात् पुनः एक पटक सरकारी बोलपत्र परम्परागत प्रणालीमा फिर्ता भएको हो। सडक विभागलगायत अधिक ठेक्का लगाउने विकासे अड्डाहरूले धमाधम विद्युतीय खरिद रद्द गरी हार्डकपीबाट नयाँ ठेक्का आह्वान गरिरहेका छन्।

कार्यालयले उल्लेख गरेअनुसार ११ भदौदेखि अर्को सूचना जारी नभएसम्म विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगित गरिएको छ। यसो गर्नुमा ईजीपी सिस्टममा सुरक्षा जोखिम उच्च देखिनु हो।

कार्यालयले सो प्रणालीमा ११ भदौसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशय पत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक निकायले हार्डकपीमार्फत् प्रक्रिया अगाडि बढाउने उल्लेख गरेको छ । यसअघि विद्युतीय प्रणालीमा दरभाउपत्र खोलिसकेका सार्वजनिक निकायले बोलपत्रदाता/आपूर्तिकर्ता तथा परामर्शदाताको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काको सम्बन्धमा सार्वजनिक निकायको अनुरोधमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सहजीकरण गर्ने समेत सूचनामा उल्लेख छ। सरकारको विद्युतीय प्रणाली बिग्रिएसँगै प्रस्ताव आह्वान गर्न पुनः एक पटक कागज बोक्दै कार्यालय धाउनुपर्ने बाध्यता आएको हो।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# पारिवारिक मिलनको पर्व

तिज पर्व  नेपाली समाजको मौलिक पर्व हो । हिमाल, पहाड र तराईमा विभिन्न जाति र समुदायले मनाउने यो पर्वले परिवार मिलन गराएको छ । परिवारमा स्नेहको वातावरण तयार गरेको छ । परिवारमा स्नेह, मेलमिलाप र हार्दिकता बढ्दा समाजलाई पनि सही बाटोमा लैजाने भएकाले तिजको महत्व स्वतः स्पष्ट हुन्छ । हिन्दु नेपाली समाजमा साउने संक्रान्तिसँगै वर्षका महत्वपूर्ण चाड सुरु भएको मानिन्छ ।

तिजमा विवाहपछि घर गएकाछोरी र दिदीबहिनीलगायतलाई माइतीमा बोलाएर मिठो मसिनो खुवाउने र नाचगान गर्ने चलन छ  । माइती आएका दिदीबहिनीहरु एक आपसमा बाबुआमा, दाजुभाइसहितका आफन्तसँग भेटघाट गरी दुःखसुख साटासाट गर्छन् । परिवार र टोल छिमेकका सदस्यहरु भेला भएर गाइने तिज गीतले सांस्कृतिक जागरण बढाएको छ । नेपालमा राजनैतिक आन्दोलनलाई जागृत गर्न र दिशाबोध गर्न तीज पर्वको महत्वपूर्ण भूमिका छ । राजनैतिक दलहरु प्रतिबन्धित रहेको बेला तत्कालीन शासकविरुद्ध महिलाले गीतमार्फत् आवाज उठाए । निरंकुश व्यवस्थाका बेला शासक र उनीहरुले संरक्षण गरेका व्यक्तिले गरेका अन्याय र अत्याचारविरुद्ध आवाज उठाउने सशक्त माध्यम तिज पर्व थियो । तिजमा महिलाले तत्कालीन शासकविरुद्ध गीत मार्फत् उठाएका आवाजले समाजमा राजनैतिक जागरण ल्याउन बल पुग्यो ।

सामाजिक र राजनैतिक आन्दोलनको अभिन्न अंग बनेको तिज पर्व पछिल्ला दिनमा भड्किलो बन्न थालेको  छ । तिजको अघिल्लो दिनलाई दर खाने दिन मानिन्छ ।  शहरमा एक महिनादेखि दर खाने कार्यक्रमको बहानामा तडकभडक चल्न थालेको छ । यो तडकभडकको जालोमा पर्दा समाज बिथोलिएको छ । समाजमा तडकभडक बढ्दा धनी र गरिबबिचको खाडल बढेको छ । समाजमा सद्भाव बिथोलिने जोखिम छ । तिजको मौलिकता नासिदैं तडकभडकमा रम्दा पारिवारिक मिलापमा दरार पैदा गरेको छ । कुनैबेला राजनैतिक र सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको पर्व अहिले भड्किलो बन्दा समाज खल्बलिएको छ । चाडपर्व मानव संस्कृतिका अभिन्न अंग हुन्, यी सामाजिकरणका माध्यम पनि हुन् । नयाँ पुस्ताका लागि समाज बुझ्ने माध्यम पनि हुन् । समाजका महत्वपूर्ण निधीलाई आर्थिक हैसियत दाज्ने साधन बनाउने होड चल्दा समाज सही दिशामा अघि बढ्न सक्तैन् । चाडपर्व सबैले मान्न सक्ने गरी मनाउनुपर्छ । तडकभडक बढ्दा त्यसले ल्याउने विकृतिको जालोमा सिंगो समाज पर्नु कदाचित राम्रो होइन् ।

स्वतन्त्रताको नाउमा सबै गर्न पाउनुपर्छ भन्ने उचित होइन् । तडकभडकलाई न्युनिकरण गर्ने काम तहगत सरकारको हो । तहगत सरकारले समन्वय गरी चाडपर्वलाई अनावश्यक भड्किलो नबनाउनका लागि पहल गर्न सक्छन् । हुँदा खाने र हुनेखाने सबैले चाडपर्व मान्न सक्ने बनाउन नेतृत्व लिनसक्छन् । त्यसो हुँदा तिज पर्वको मौलिकता जोगिन बल पुग्न सक्छ । तिजको मौलिकता जोगिन सक्दा संस्कृतिको सही हस्तान्तरण सही हुनसक्छ ।

तिज पर्वको सबैमा शुभकामना !

### आज हरितालिका तिजः

# हरितालिका तिजको धार्मिक, सामाजिक तथा साँस्कृतिक महत्व



हरितालिका तिजको महत्व हाम्रो सनातन संस्कृतिमा ठूलो रहेको छ । यो तीजको पर्व भाद्र महिना शुक्लपक्षको तृतीयाको दिन मनाइन्छ । मुख्यरूपले सौभाग्यवती वा विवाहित महिलाहरुद्वारा यस पर्वलाई मनाइन्छ, तर यो व्रत अविवाहित महिला तथा पुरुषहरुको लागि पनि उत्तिकै श्रेष्ठ मानिएको छ । हरितालिका तीजमा भगवान शिव, माता गौरी एवं गणेशजीको पूजा-आराधनाको महत्व रहेको छ । यो व्रत निराहार एवं निर्जला भई तथा रात्रि जाग्राम गरि नाचगानको साथ गर्ने गरिन्छ ।

आलिभिः सखिभिः हरिता इति हरितालिका । अथवा सखिभिर्हरिता यस्मात् तेनेयं हरितालिका । 'हरित' को अर्थ हरण गरिएको र 'आलिका' को अर्थ साथी हुन्छ । पौराणिक प्रसंगअनुसार भाद्र शुक्ल तृतीयाको दिन पर्वतराज हिमालयकी सुपुत्री पार्वतीलाई विष्णुसँग निश्चय गरिएको विवाहबाट जोगाउन उनका सखीहरूले हरण गरेर लुकाएका कारण यस दिनलाई हरितालिका भनिएको हो ।

हरितालिकाको लोकप्रसिद्ध नाम 'तिज' हो । यो विशेषगरी नारीहरूले मनाउने पर्व हो । धार्मिक रूपमा तिजअन्तर्गत उमामहेश्वरको पूजा गरी निराहार व्रत बस्ने र भोलिपल्ट व्रतको उद्यापन गरेर भोजन गर्नेसम्मका कृत्यहरू पर्दछन् । तिजमा निराहार व्रत बसी पार्वतीसहित भगवान् शिवको पूजा-आराधना गर्ने नियम छ । यसका साथै तीजमा दरका रूपमा विशेष खानपान, नाचगान र मनोरञ्जन समेत गरिन्छ । यो पर्व नेपाल, भारतलगायत हिन्दुहरूको बसोबास भएका अन्य मुलुकमा समेत मनाइन्छ । तिजमा मीठामीठा परिकार आफैंले पकाएर आफन्तहरूलाई बोलाएर आफ्नै मिहिनेतको फल खाने र खुवाउने चलन छ । यस्तै नयाँ कपडा तथा गरगहना जोरजाम गर्ने पर्वका रूपमा पनि तीज अगाडि रहेको छ ।

नेपाली समाजमा प्राचीनकालदेखि नै तीजलाई महत्त्वपूर्ण पर्वका रूपमा लिने गरेको पाइन्छ । विवाह भएर टाढा पुगेका छोरी-चेली-भान्जीहरूलाई घरसम्मै माइती लिन जाने,  माइतमा एकसाथ भेला हुने,  रमाइलो भेटघाटबीच मीठो एवं स्वादिष्ट दर खाने,  व्रत बसी सामूहिक पूजा गर्ने र नाचगानका माध्यमले आफ्ना दुःखसुखका पीरमर्का व्यक्त गर्ने अवसर तीजले नै जुटाउँछ ।

यस पर्वलाई पतिपत्नीबिचको सम्बन्ध प्रगाढ बनाउने,  आपसी सहयोगको भाव प्रत्यक्षरूपमा व्यक्त गर्ने, उमामहेश्वरको पूजाद्वारा पतिपत्नी एक-अर्काका पूरक भएको प्रमाणित गर्ने,  ईश्वर-उपासनाद्वारा इच्छाएको फल प्राप्त गर्ने जस्ता अनेकौं प्रेरणाहरू तीज पर्वबाट प्राप्त गर्न सकिन्छ । पतिपत्नीबाट अलि माथि उठेर हेर्दा सामाजिक पक्षसँग यो पर्व जोडिन पुग्छ । घरमा सासू-बुहारी र नन्द-भाउजूबिचको सम्बन्ध पनि तीतो नभएर मीठो एवं प्रगाढ नै हुनुपर्छ ।



आपसमा घरभित्रका व्यावहारिक विषयलाई बाहिर लैजाँदा वास्तवमा आफ्नै घरको बेइज्जत हुने र बाहिरी मानिसले घरायसी मनमुटावलाई जोड्न सक्ने हुँदा यसतर्फ सचेत गराउन माइती पक्षका अभिभावकले ठूलो भूमिका निर्वाह गरेका हुन्छन् । पारिवारिक द्वेष हुनबाट विमुख गराउने शिक्षा पनि यस पर्वबाट प्राप्त गर्न सकिन्छ । यसभन्दा पर गएर हाम्रो घरमा आश्रित व्यक्तिहरूलाई जोड्ने प्रयत्न गर्नु र नन्दआमाजू, फुपूदिदी र हजुरदिदीहरूलाई, सानीमा, ठुलीआमा एवं वरपरसम्मका इष्टमित्र र आफन्तहरूलाई बोलाएर उदारभावका साथ खानपान तथा रमाइलोले भेटघाट भए जति सबैको मन प्रसन्न भई आत्मीयपनको विकास हुनुले व्यावहारिक पक्षमा पनि एक-आपसमा सहयोग एवं सहकार्यको भावना जागृत हुन्छ ।

**तीजको धार्मिक पृष्ठभूमि**

भाद्र शुक्लपक्षको तृतीया तिथिमा पार्वतीले भगवान् शिवजीलाई पति पाऊँ भनी गरेको व्रतबाट तिजको परम्परा चलेको पाइन्छ । जब पार्वतीको चिन्तन, ध्यान, पूजा, उपासना, जप, तप सम्पूर्ण महादेवमा केन्द्रित थियो, उसबेला नारदको याचनाअनुसार पिता पर्वतराज हिमालयले भगवान् विष्णुसँग उनको विवाह निश्चय गर्दछन् ।

वासुदेव स्वयं देवः कन्यां प्रार्थयते यदि ।
तदा मया प्रदातव्या त्वदागमनगौरवात् ॥

पिताजीले आफ्नो इच्छाविपरीत भगवान् विष्णुसँग विवाह गरिदिने निश्चय गरेको थाहा पाएपछि पार्वतीलाई असह्य पीडा भयो । उनले आफ्नो वेदना सखीहरूलाई सुनाइन् । सखीहरूले पार्वतीलाई लुकाउने सल्लाह गरे, र हरण गरि जंगलमा पुर्‍याए । पार्वती हराएको सूचनाले पर्वतराजको दरबारमा भने हाहाकार भयो । यसरी सखीहरूले हरण गरेर लुकाएको अवस्थामा पार्वतीले आशुतोष भगवान् शिवजीको तपस्या गरिन् । उनले बालुवाको शिवलिंग बनाई पूजा गरिन् र 'ॐ नमः शिवाय' मन्त्रद्वारा भगवान् शिवजीलाई प्रसन्न गराई वरदानस्वरूप उनै भगवानलाई पतिरूपमा प्राप्त गरिन् । यसप्रकार पार्वतीले सिद्ध गरेको पूजालाई हरितालिका पूजा भन्न थालिएको हो ।

**व्रत बस्ने दिन**

तिजमा विवाहिता महिलाहरू आफ्ना पतिको दीर्घायुको कामना गर्दै व्रत बसी नाचगान र मनोरञ्जन गर्छन् भने अविवाहिता सुयोग्य वरको आशा राखी व्रत बस्छन् । व्रतको समयमा महिलाहरूले तिजको व्रतकथा सुन्ने र समापनमा पूजा लगाई ब्राह्मण-ब्राह्मणीहरूलाई दान दक्षिणा गर्ने चलन रहेको छ । तीजको व्रत अन्य व्रतभन्दा फरक ढंगले लिइन्छ । यस दिन पानीसम्म पनि नखाई ब्रत बस्नुपर्ने परम्परागत मान्यता रहेको भएपनि कतिपय महिलाहरु महादेवको पुजा आराधनापश्चात् फलफूल ग्रहण गर्दछन् । यसै दिन पार्वतीले आफ्नो तपस्या पूरा गरी शिवजी पाएको विश्वास गरिने हुनाले यस दिनलाई हर्षोल्लासका साथ नाचगान गरी मनाइने गरिन्छ ।

**सामाजिक महत्व**

नेपाल कृषिप्रधान मुलुक हो । तिज बालीनाली रोपिसकेपछि केही फुर्सदको समयमा मनाइने पर्व हो । आपसी प्रेम बढाउने यो पर्वले महिलाहरूको दुखेसो पोख्ने वातावरण सिर्जना गरिदिन्छ । बालीनाली लगाइसकेपछि केही फुर्सदको समयमा माइतीबाट बाबु वा दाजुभाइ गएर छोरीचेलीलाई भेट्ने र सकेसम्म माइती लिएर फर्कने प्रचलन छ, जसले माइती चेलीको आपसी सम्बन्धलाई मजबुत बनाउँछ । विवाह भएर टाढा पुगेका दिदीबहिनीबिच भेट गराएर यो पर्वले उनीहरूको मन हलुका पार्न र सुखदुखका कुराकानी गर्ने अवसर समेत जुटाइदिन्छ ।

**सांस्कृतिक महत्व**

मानिस जति आधुनिक भए पनि उसले जन्मसँगै पाएको संस्कार एवं संस्कृति छोड्न सक्दैन । नेपालमा रहेका हिन्दू समुदायले मनाउने तिज पर्वलाई अहिले अन्य जातिले पनि मनाउन थालेको पाइन्छ । तिजलाई महिलाको रमाइलो पर्वका रूपमा समेत लिइने भएकाले युवतीहरू पनि यसमा रमाउँछन् । कामबाट केही समय अवकाश लिँदै परिवार, साथीभाइ जमघट, घुमघाम, नाचगान यो पर्वको अर्को विशेषता बन्दैछ ।

# कांग्रेसमा कसरी हुन्छन् क्षेत्रीय प्रतिनिधि छनोट ?



बुटवल । नेपाली कांग्रेसले युवा, दलित, महिला, अपाङ्गता लगायत अनिवार्य छनोट गर्ने गरी वडाबाट क्षेत्रीय प्रतिनिधि चयन गर्ने विधि बनाएको छ ।

एक सय ५० क्रियाशील सदस्य रहेको वडाबाट २१ जना, तीन सय रहेको वडाबाट ३० जना, चार सय ५० सदस्य रहेको वडाबाट ३९, जना, ६ सय सदस्य रहेको वडाबाट ४८ जना र ७५० भन्दा सदस्य रहेको वडाबाट ५५ जना वडा क्षेत्रीय प्रतिनिधि हुने गरी विधि बनाइएको छ ।

वडामा रहेका क्रियाशील सदस्यको आधारमा क्षेत्रीय प्रतिनिधिको संख्या निर्धारण गरिएको छ । एक सय ५० क्रियाशील सदस्य रहेको वडामा ३ जना, तीन सय रहेको वडाबाट ५ जना, चार सय ५० सदस्य रहेको वडामा ७ जना, ६ सय सदस्य रहेको वडामा ९ र ७५० भन्दा सदस्य रहेको वडाबाट ११ जना महिला क्षेत्रीय प्रतिनिधि हुने व्यवस्था गरिएको छ । श्रमिक, पेशागत, दलित र अपाङ्गताबाट जतिसुकै सदस्य भएको वडा भएपनि सबै क्लस्टरबाट १/१ जना क्षेत्रीय प्रतिनिधि छनोट हुनेछन् ।

खुलातर्फ एक सय ५० क्रियाशील सदस्य रहेको वडामा ५ जना, तीन सय रहेको वडाबाट ८ जना, चार सय ५० सदस्य रहेको वडामा ११ जना ६ सय सदस्य रहेको वडामा १४ र ७५० भन्दा सदस्य रहेको वडाबाट १७ जना छनोट गरि विधि बनाइएको छ ।

३० वर्ष नपुगेकाहरूबाट एक महिला अनिवार्य हुने गरी एक सय ५० क्रियाशील सदस्य रहेको वडामा ३ जना, तीन सय रहेको वडाबाट ४ जना, चार सय ५० सदस्य रहेको वडामा ५ जना, ६ सय सदस्य रहेको वडामा ६ र ७५० भन्दा बढी सदस्य रहेको वडाबाट ७ जना क्षेत्रीय प्रतिनिधि हुनेछन् ।

समानुपातिकतर्फ एक सय ५० क्रियाशील सदस्य रहेको वडामा ६ जना, तीन सय रहेको वडाबाट ९ जना, चार सय ५० सदस्य रहेको वडामा १२ जना, ६ सय सदस्य रहेको वडामा १५ र ७५० भन्दा सदस्य रहेको वडाबाट १६ जना छानिने छन् ।

असोजको १६ देखि १९ गतेसम्म १५ औं महाधिवेशनको मिति तय गरेको कांग्रेसले असोज ३ र ४ गते वडा अधिवेशन गर्ने भएको छ ।

# एमाले सुध्रिएन, सांसद किन्यो : लिङदेन



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले नेकपा एमालेले अझै पनि सांसद खरिद-बिक्रीको राजनीति नछाडेको आरोप लगाएका छन् । बागमती प्रदेश सरकार निर्माणका क्रममा एमालेले राप्रपाका सांसद किनेको उनको दाबी छ ।

आइतबार काठमाडौंमा आयोजित राप्रपा काठमाडौं जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले ठूलो राजनीतिक परिवर्तन र विद्रोहपछि पनि सांसद किनबेचको विकृति दोहोरिनु दुर्भाग्यपूर्ण भएको बताए ।

एमालेको नामै लिएर आक्रोश पोखेका लिङ्देनले आफ्नै पार्टीका सांसदहरूको प्रवृत्तिप्रति पनि तीव्र असन्तुष्टि जनाए । अरूलाई मात्रै दोष दिनुभन्दा आफ्नै पार्टीको कमजोरी पनि हेर्नुपर्ने भन्दै उनले आफ्ना सांसदहरूलाई 'खसी-बाख्रा' सँग तुलना गरे ।

'एमालेजस्तो पार्टीले विगतका विकृति सच्याउन नसकेको र फेरि सांसद खरिद-बिक्रीको अभ्यास दोहोर्‍याएको देखिन्छ,' लिङ्देनले भने-'तर आफ्नै थैलो हामीले राम्रो बाँध्न नसकेपछि उनीहरूलाई मात्रै के भन्ने ? आफ्नै मान्छे खसी-बाख्राजस्तो बिक्री हुन तयार भएपछि हामीले के भन्ने ?' पार्टीको टिकट र मनोनयनबाट चुनाव जितेका सांसदहरूले व्यक्तिगत रूपमा नभई पार्टीको प्रतिनिधिका रूपमा काम गर्नुपर्ने अध्यक्ष लिङ्देनले स्पष्ट पारे ।

पार्टीको नामबाट चुनाव जितेर जाने तर पार्टीको निर्णयविपरीत आफूखुसी अर्को दलसँग मिल्ने वा जाने काम कुनै पनि हालतमा स्वीकार्य नहुने उनले चेतावनी दिए । 'कुनै पनि सांसद व्यक्तिगत हुँदैन, ऊ पार्टीको प्रतिनिधि हो,' लिङ्देनले भने-'आफूखुसी निर्णय गर्दै पार्टीविपरीत अन्य दलसँग जाने कुरा कुनै पनि हालतमा स्वीकार्य हुँदैन ।'

यस्ता राजनीतिक विकृति अन्त्य गर्न सम्पूर्ण कार्यकर्ता पंक्ति एकताबद्ध भएर अघि बढ्नुपर्नेमा उनले जोड दिए । जबसम्म सांसदमा व्यक्तिगत स्वार्थ र दल परिवर्तनको प्रवृत्ति कायम रहन्छ, तबसम्म बलियो पार्टी निर्माण गर्न नसकिने र जनताले पनि विश्वास नगर्ने लिङ्देनको भनाइ छ ।

लिङ्देनले जेनजी विद्रोहपछि पनि जनताको आकांक्षा पूरा गर्ने दिशामा देश अघि बढ्न नसकेको भन्दै मुलुक अनिश्चितताको अँध्यारो सुरुङभित्र प्रवेश गरेको टिप्पणी गरेका छन् ।

अध्यक्ष लिङ्देनले विद्रोह जुन उद्देश्यका लागि भएको थियो, त्यसअनुसार जनतामा आशा जाग्ने काम हुन नसकेको बताए । 'देशमा आशा जाग्नुको सट्टा अनिश्चितताको अँध्यारो सुरुङभित्र प्रवेश गरेको अवस्था छ । राजनीतिक तरलता र अनिश्चय झन् बढ्दै गएको छ ।'- उनले भने । अध्यक्ष लिङ्देनले लामो समयदेखि चल्दै आएको निषेधको राजनीतिले मुलुकलाई निकास दिन नसकेको भन्दै अब राजादेखि सबै राजनीतिक शक्तिसम्मलाई समेटेर राष्ट्रिय सहमति कायम गर्नुपर्नेमा जोड दिए । देशले १० वर्षे सशस्त्र द्वन्द्वपछि गत वर्ष भदौ २३ र २४ गतेको विद्रोह तथा त्यसबाट भएको ठूलो क्षतिसमेत व्यहोरिसकेको स्मरण गराउँदै उनले अब थप द्वन्द्व र विद्रोह धान्न सक्ने अवस्था नरहेको बताए ।

'कुनै बेला राजाले राजनीतिक दलहरूलाई निषेध गरे होला, कुनै समय राजनीतिक दलहरूले राजालाई निषेध गरे होला, तर निषेधको राजनीतिले देशलाई कहाँ पुर्‍यायो हामी सबैलाई थाहा छ,' लिङ्देनले भने-'त्यसकारण अब निषेधको राजनीति छोडेर सबै राजनीतिक शक्तिहरूदेखि राजासम्मको बीचमा एउटा राष्ट्रिय सहमति निर्माण गरेर देशलाई निकास दिने बेला आएको छ ।'

आगामी ५ देखि १० वर्षभित्र नेपाललाई विकसित मुलुकको दाँजोमा पुर्‍याउने अभियानमा सबै दल र शक्तिहरू एक ठाउँमा उभिनुपर्ने उनको भनाइ छ । राष्ट्रिय सहमतिको एजेन्डालाई विश्वसनीय बनाउन राप्रपा आफैँ पनि सुध्रिएर एकताबद्ध हुनुपर्ने उनले बताए ।अध्यक्ष लिङ्देनले राप्रपाको आगामी महाधिवेशन कुनै पनि बहानामा नरोकिने स्पष्ट पारेका छन् । मंसिर २६, २७ र २८ गते हुने महाधिवेशनलाई भव्य रूपमा सम्पन्न गर्दै त्यसलाई पार्टी पुनर्निर्माणको अवसरका रूपमा उपयोग गर्नुपर्ने उनले बताए । आफूबाटै सुधार सुरु गर्नुपर्ने भन्दै उनले नेतृत्वदेखि तल्लो तहसम्मका सबै नेता-कार्यकर्ता सच्चिएर नयाँ ढंगले अघि बढ्नुपर्ने बताए । 'हामीले यो महाधिवेशनको बाटोबाट राष्ट्रिय प्रजातन्त्र पार्टी सुध्रियो र बदलियो भन्ने सन्देश आमजनतालाई दिनुपर्छ ।'- उनले भने ।

# नेपालले पाउनुपर्ने जलवायु न्याय



**एकराज पाठक**

जलवायु परिवर्तनको गम्भीर प्रभावका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त त विश्वसामु छर्लङ्ग नै छ। एकातर्फ जलवायु परिवर्तनका कारकका रुपमा योगदान नै नरहेकोअर्थात् अति नगण्य रहेको भए पनि हामी बारम्बार जलवायुजन्य सङ्कटमा परिरहेका छौँ भने अर्कातर्फ हामी ती सङ्कटसँग जुध्नका लागि पनि आवश्यक स्रोतको अभाव झेलिरहेका छौँ। यो वास्तविकताको पछिल्लो उदाहरण नेपालले भोटेकोसीले निम्त्याएको पछिल्लो प्रलय पेस गर्दा पनि हुन्छ। किनभने हिमनदी बढेर होस् या हिमालमा बनेको हिमताल फुटेर आएको बाढीले अहिले रसुवा र नुवाकोटका कैयौँ बस्ती बढारेको मात्र नभएर ठूलो जनधनको क्षति गराएको छ। जसको प्रकृति र परिणामबारे विश्व नै जानकार छ। नेपाल यस्ता अकल्पनीय बाढी र त्यसले निम्त्याएका विपत्को चपेटामा पर्न थालेको केही वर्ष भयो, यो पनि सबैलाई थाहै छ।

भोटेकोसीको पछिल्लो वितण्डाले एक हजार ३०० भन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी मानिस हराइरहेका छन्। यसलाई पछि जे जस्तो नाम या कारण दिइए पनि अहिले नै सबैको निष्कर्ष जलवायुजन्य विपत् नै हो र यसले अब हिमाली स्रोत भएर बग्ने नदी किनारका बस्तीहरुमा खतराको घण्टी बजाउन थालेको छ। भोलिका दिनमा यो खतरा बढ्दै जाने त्रास अब हाम्रा मन मस्तिष्कमा आउन थालिसकेको छ। यसअघि पनि हामीसँग यस्तो विपत्का कैयौँ उदाहरण छन् जसले हाम्रो जनधनमा ठूलो क्षति पुर्‍याएका छन्। दुई वर्षअघि असोजमा आएको अकल्पनीय वर्षा र बाढी होस् या सोलुखुम्बुको थामे गाउँ बगाएको दुर्घटना। अथवा २०६९ सालमा पोखराको सेतीनदीमा हिँउदको समयमा आएको बाढी नै किन नहोस्। अहिलेसम्मका अनुमान र अनुसन्धानबाट यी सबै जलवायुजन्य जटिलताले निम्त्याएका विपत्ति नै हुन् र जसले आफ्ना मात्रा र स्वरुप निरन्तर बढाउँदै छन्।

भौगोलिक अवस्थिति र विकासको स्तरका कारण पनि नेपाल जलवायुजन्य जोखिममा रहेको छ। हाम्रा उच्च पहाड र हिमालहरुले प्राकृतिक रुपमा जलवायु सन्तुलन कायम गर्दै आएका छन्, अनि हाम्रा नदीहरूको स्रोतमा प्रायः हिमाल नै छ। अहिले आएर तिनै हिमाल एकातिर कालापत्थरमा परिणत हुँदै जाँदा हिमाली बस्ती सङ्कटमा परेको छ भने त्यसका कारण ती हिमाल मुन्तिर बनेका हिमतालले नदी छेउछाउका बस्तीहरुको अस्तित्वमाथि धावा बोल्न थालेका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु सङ्कट ज्यादै नराम्रोसँग भोगिरहेको बताएका थिए। उनले विश्वले बेलैमा नसोंच्ने हो भने नेपाल र यस्तै हिमाली बस्तीहरुको भविष्य दिनप्रतिदिन खतरामा पर्दै जाने बताएका थिए।

इसिमोडले केही समयअघि सार्वजनिक गरेको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लँदै जाने हो भने हिन्दकुश हिमालयन क्षेत्रका हिमनदीहरुले यो शताब्दीको अन्त्यसम्ममा अहिलेको भन्दा ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको छ। यसबाट उच्च पहाडी क्षेत्रमा बाढीपहिरो बढ्ने र पूर्वाधारमा क्षति पुग्ने खतरा छँदैछ। यस्तो अवस्था आएमा त्यसको प्रत्यक्ष र सबैभन्दा ठूलो मार नेपालमाथि पर्नेछ। यस क्षेत्रमा हाम्रो अवस्थिति र भौगोलिक बनावट अरु देशको भन्दा फरक छ र हाम्रा बस्तीहरु पनि नदी किनारहरुमा विस्तारित छन्। हाम्रो जलाशयअर्थात् नदी सभ्यताका कारण पनि हाम्रो अवस्थिति जोखिमपूर्ण नै छ। यसकारण पनि हाम्रा बस्ती र अवस्थितिमाथि आगामी दिनमा जलवायु परिवर्तनका जटिलताले धावा बोल्ने निश्चित नै देखिन्छ।

पछिल्ला समयहरु यस्ता आउँदै जानेछन् कि जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य, स्वास्थ्य तथा शिक्षा, आवास, सरसफाइ र पानीको अधिकार प्राप्ति र उपभोगमा नै बाधा पुग्नेछ। यसका प्रारम्भिक सङ्केतहरु देखिँदै गएको तथा सबैभन्दा बढी आर्थिक र भौतिक क्षति व्यहोर्ने राष्ट्रको सूचीमा नेपाल अग्रपङ्क्तिमा सर्दै गएको देखिँदैछ। हिमनदी पग्लिने, हिमताल फुट्ने, अतिवृष्टी, अनावृष्टी, बेमौसमी बाढी, पहिरो, भूक्षय, खडेरीलगायतका मौसमी प्रकोपहरु भोलि झन बढ्दै जाने देखिन्छ। तर पनि हाम्रो विडम्बना केछ भने यसरी हामीले भोगेका समस्या हाम्रा कारणबाट सृजित होइनन्। विकसित देशहरुले औद्योगीकरण तथा आधुनिक विकासका क्रममा उत्सर्जन गरेको हरित गृह ग्यासले विश्वको जलवायुमा पारेको असरबाट हामीमाथिको यो अवस्था सृजना भएको हो।

जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि नेपालजस्ता पहाडी तथा अतिकम विकसित मुलुक र साना टापु राष्ट्रहरुमा यसको विषम असर परिरहेको छ। कृषि उत्पादनमा हस आउँदा प्रत्यक्ष मारमा नेपालको कृषि क्षेत्र परिरहेको छ। बिउबिजनको अभाव, समयमा वर्षा नहुने असमयमा हुने, अधिक वर्षा हुने, रैथाने बाली नास हुने, आधुनिक बालीलाई विषादी आदिको प्रयोगको बाध्यताका कारण बढ्दो रोगकिराको प्रकोपजस्ता समस्याको न्याय हामीले कहिले पाउने ? असमयमै आएको बाढीका कारण पोखराको सेती नदीबाट बाढीमा परेर बेपत्ता भएकाहरु हुन् या थामेमा आएको हिमपहिरोका पीडितहरुको पनि जलवायु न्याय पाउने अधिकारमाथि थपिएको छ भोटेकोशीको बाढी। यो बाढीले त हामीलाई यसरी थिचेको छ कि अझैसम्म क्षतिको आकलन नै गर्न सकिरहेका छैनौँ। यस्तो अकल्पनीय क्षति व्यहोर्न बाध्य हाम्रो गल्ती के थियो र ?

कृषिकर्मबाट विस्थापित हुने अवस्था आएपछि देशका युवा उचित आम्दानीको स्रोत खोज्दै सहर पस्न तथा वैदेशिक रोजगारीमा जान बाध्य छन्। वातावरणीय विनाश र बढ्दो अनिश्चितताले युवाहरुमा बेरोजगारी र मानसिक तनाव बढ्दो छ। कति त वासस्थानबाटै पलायन हुन बाध्य छन्। कृषिकर्मप्रतिको अनाकर्षण बढ्दा खाद्यान्न अभाव र भोकमरी हाम्रो सन्निकट छ। हो, यो परिस्थितिका कारण अब हामीले विश्व समुदाय र सरोकारवालाहरुसँग न्याय माग्ने कामलाई तिरन्तर र सशक्त बनाउनुपर्ने छ। हामीले विश्व समुदायलाई भन्नुपर्ने छ कि पछिल्लो वातावरणीय र जलवायुजन्य जटिलतामा नेपालको हिस्सा र कारण के कति छ ? यदि छैन भने हामीलाई नखाएको विष किन लाग्ने ? यो बाध्यतालाई बहसका रुपमा अब हामीले सशक्त रुपमा विश्व समुदायसँग नै कूटनीतिक माध्यमबाट उठाउनुपर्छ।

यसै परिप्रेक्षमा नेपालले दुई वर्षअघि जलवायु परिवर्तनमा राष्ट्रहरुको दायित्वका सम्बन्धमा नेदरल्याण्डस्को हेगस्थित संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो अडान राखेको पनि थियो। जलवायु परिवर्तनमा आफ्नो कुनै योगदान नभएको भए पनि बिनाकारण हामीले मार खानुपरेको अवस्थाबारे नेपालका तर्फबाट तत्कालीन परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले राखेकी थिइन्। त्यस अवसरमा उनले नेपालजस्ता पर्वतीय एवं हिमाली राष्ट्रहरूले जलवायु न्याय पाउनुपर्ने विषयमा नेपालको माग जोडतोडका साथ राखेकी थिइन्। प्रत्येक वर्ष हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनलगायत विभिन्न अन्तरराष्ट्रिय मञ्चहरुमा पनि नेपालले निरन्तर जलवायु परिवर्तन, यसका असर र सोको न्यायका विषयमा आवाज उठाइरहेकै छ। जलवायु परिवर्तनसँग सम्बन्धित अन्तरराष्ट्रिय सहयोगहरु साथै अघिल्लो वर्षदेखि सञ्चालनमा आएको 'लस एण्ड ड्यामेज फण्ड' लगायतबाट नेपालजस्ता मुलुकहरुले ऋण नभई अनुदान सहायता पाउनुपर्ने नेपालको माग छँदैछ। यसका लागि नेपालले जलावायु कूटनीतिलाई सशक्त बनाउनुपर्छ।

प्रधानमन्त्री बालेन्द्र शाह राष्ट्रसङ्घीय महासभामा सहभागी हुने कुराले पनि नेपालले पाउनुपर्ने जलवायु न्यायको आवाज थप बुलन्द हुने अपेक्षा गरिएको छ। एकातर्फ हामी जलवायुजन्य जटिलताको चपेटामा परिरहने र अर्कातर्फ त्यसको समाधान र क्षतिपूर्तिका लागि न्यूनतम स्रोतको अभाव झेलिरहनुपर्ने दोहोरो मारमा हामी रहेको तथ्य प्रधानमन्त्री शाहले विश्व समुदायसँग जोडतोडका साथ उठाउनुपर्दछ। यतिखेर हामीमाथि विश्व समुदायकै सान्त्वना छ। र, ठूला दाता राष्ट्र तथा निकायहरुको दया थप जाग्ला र सहायता थप बढ्ला। तर हामीले अब सहयोग, सान्त्वना आदिका नामबाट नभएर अधिकारका रुपमा लिन चाहन्छौँ। बर्सेनिको यो विपत्तिको मुख्य कारक जलवायु परिवर्तन नै हो र त्यसका लागि हामीलाई जलवायु न्याय चाहिन्छ भन्ने हाम्रो राष्ट्रिय ध्येय हुनुपर्दछ। प्रधानमन्त्री शाहले आगामी महिना हुन लागेको संयुक्त राष्ट्रसङ्घीय महासभामा पनि यही मान्यताका साथ सम्बोधन गर्ने अपेक्षा छ। जसका लागि जलवायु कूटनीतिलाई थप सशक्त र परिणाममुखी बनाउनु पनि जरुरी छ।

# बुटवल हस्पिटलद्वारा बाढी प्रभावितलाई पौने ८ लाख



बुटवल। भोटेकोसी नदीमा आएको विनाशकारी बाढी र त्यसले निम्त्याएको ठूलो जनधनको क्षतिको राहत तथा पुनर्स्थापनाका लागि 'बुटवल हस्पिटल प्रा. लि.' परिवार ले ७,७७,७७७ (सात लाख सतहत्तर हजार सात सय सतहत्तर रुपैयाँ) आर्थिक सहयोग प्रदान गरेको छ।

२५ वर्ष देखि सञ्चालित हस्पिटलले विपदको वेला प्रभावित नागरिकहरुलाई राहत स्वरुप उक्त रकम सहयोग गरेको बताएको छ। अस्पतालका अध्यक्ष चुन्नप्रसाद शर्मा पौडेलद्वारा नेपाल सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई उक्त रकम वरावरको चेक हस्तान्तरण गरेका हुन्। सो अवसरमा अस्पतालका सञ्चालक एव जनप्रतिनिधि नरिश्वर शर्माको पनि उपस्थिति रहेको थियो।

प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुग्ने विश्वासका साथ 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा रकम जम्मा गरिएको अस्पतालका अध्यक्ष पौडेलले बताए। हस्पिटलले प्रभावित क्षेत्रमा जाने अभियान्ता एवं सहयोगी समूहमार्फत् पनि औषधी जन्य सामाग्री पढाइ सकेको थियो। असाहय विपन्नहरुको सहजढंगले उपचार गर्दै आएको बुटवल हस्पिटलले पटक पटक दिनदुखीको साथमा रहेको प्रमाणित गर्दै आएको छ।

विपद्को घडीमा आवश्यक पर्ने अन्य कुनै पनि किसिमको स्वास्थ्य सहयोग गर्नका लागि बुटवल हस्पिटल प्रा.लि. पूर्णरूपमा तयार र प्रतिबद्ध रहेको कुरा हस्पिटलले जनाएको छ।

# वालिङ नगर अस्पतालको खर्च प्रदेश सरकारले नव्यहोर्ने



स्याङजा। स्याङ्जाको वालिङस्थित प्रदेश सरकार मातहत रहेको वालिङ नगर अस्पतालको सञ्चालन खर्च प्रदेश सरकारले वहन नगर्ने निर्णय गरेपछि विवाद भएको छ।

वालिङ-१ रामवाच्छामा अस्पतालका लागि भवन निर्माण सम्पन्न भए पनि सञ्चालनमा आउन सकेको छैन। नगर अस्पतालबाट स्तरोन्नति गरेर प्रदेश मातहत चलाउने गरी प्रदेश सरकारले निर्णय गरेको थियो। २०८१ भदौ २६ गते नगर कार्यपालिकाको बैठकले स्थानीय तह मातहत सञ्चालित यस अस्पताललाई स्तरोन्नति गरेर प्रदेश मताहतमा सञ्चालन गर्न अनुरोध गरेको थियो। त्यसैको आधारमा प्रदेशस्थित स्वास्थ्य मन्त्रीस्तरीय निर्णयबाट स्तरोन्नतिको सम्भाव्यता अध्ययन समिति पनि गठन गरिएको थियो। साथै, प्रदेश स्वास्थ्य मन्त्रालयको आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश माहतका अस्पतालाई आवश्यकताका आधारमा स्तरोन्नति गर्ने को नीति तथा कार्यक्रममा बनाएको थियो।

स्थानीय तहको अनुरोधको आधारमा वालिङ नगर अस्पताल (गह्रौं प्राथमिक अस्पताल)लाई स्तरोन्नति गर्ने निर्णय प्रदेश सरकारले गरेको थियो। प्रदेश सरकारले २५ शैयाको अस्पतालमा स्तरोन्नति गर्ने निर्णय लिएको थियो। गण्डकी सरकारले प्रदेश मातहत उक्त अस्पताल सञ्चालन गर्ने, तर आर्थिक वहन नगर्ने निर्णय गत असारमा गरेको थियो। उक्त निर्णयमा भनिएको छ-'प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने गर वालिङ नगर अस्पताल (गह्रौं प्राथमिक अस्पताल)स्याङ्जालाई २५ शैयामा स्तरोन्नति गरी प्रदेश सरकार मातहत ल्याई सञ्चालन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने।'

प्रदेश सरकारअन्तर्गत रहने तर आर्थिक बहन नगर्ने निर्णय भएपछि संघीय र प्रदेश सांसदले आपत्ति जनाएका छन्। गण्डकी प्रदेश सांसद कल्पना तिवारीले प्रदेश मातहत अस्पताल रहने तर आर्थिक बहन नगर्ने निर्णय अस्विकार्य हुने बताइन्। '५० शैयाको अस्पताल हुने गरी स्तरोन्नति गर्न हामीले निरन्तर दबाब दिएका हौं। २५ शैया हुने गरी स्तरोन्नतिको निर्णय भएको छ,' तिवारीले भनिन्-'आर्थिक बहन प्रदेशले नगर्ने निर्णय मान्य हुँदैन। हामी नागरिक दबाब सिर्जना गर्छौं।' नगर मातहत सञ्चालित भई स्तरोन्नति गरेका अन्यका हकमा भने गण्डकी सरकारले आर्थिक बहन गर्ने गरेको तिवारीको दाबी छ।

२०७७ सालमा दुई वर्षभित्र भवन निर्माण सम्पन्न गर्ने भनिए पनि गत वर्षमात्रै भवन तयार भएको थियो। २७ रोपनी क्षेत्रफलमा रहेको अस्पतालको लागत २६ करोड पुगेको जानकारी गराइएको छ। तत्कालीन शहरी विकास मन्त्रालयको डिजाइन र स्वास्थ्य मन्त्रालयको आर्थिक सहयोगबाट भवन निर्माण गरिएको वालिङका पूर्व मेयर दिलीप खाँणले जानकारी गराए।

अस्पताल बनेर पनि सञ्चालनमा आउन नसकेपछि यो विषय संघीय सरकारमा समेत आइपुगेको छ। प्रदेश सरकारको त्यही निर्णयको आधारमा संघीय सरकारले सञ्चालन अनुमति दिएको छैन। आर्थिक बहन नगर्ने गरी प्रदेश सरकारको निर्णयले गर्दा सञ्चालन सुरु गर्न कठिनाई भएको स्याङ्जा-२ का सांसद झविलाल डुम्रेले जानकारी गराए। 'अस्पताल सञ्चालनको जस लिने तर आर्थिक बहन नगर्ने निर्णय आफैंमा विरोधाभासपूर्ण छ,' संघीय सांसद डुम्रेले भने-'स्तरोन्नति भएका अरु अस्पतालको खर्च बेहोर्ने यसमा चाहिं किन अर्कै निर्णय गरियो ?'

**पाँच जिल्लाका ...**

गल्छी-त्रिशूली-रसुवागढी करिडोरको १४ किलोमिटर सडक आंशिक र ५५ किलोमिटर सडक पूर्णरुपमा बगेको रिपोर्टमा उल्लेख छ।

गल्छी-देवीघाट ४ किलोमिटर कालोपत्रे सडक आंशिक र देवीघाट-त्रिशूली, त्रिशूली बजार-वेत्रावती १० किलोमिटर कालोपत्रे र ग्राभेल सडक आंशिक क्षति भएको हो। वेत्रावती-रसुवागढी ५५ किलोमिटर कच्ची सडक पूर्ण रुपमा बगेको छ।

उक्त बाढीका कारण सडक पूर्वाधारमा २३ अर्ब ४२ करोड २५ लाख रुपैयाँको क्षति पुगेको रिपोर्टमा उल्लेख छ। जसको पुनर्स्थापना गर्न ५५ अर्ब १८ करोड १३ लाख रुपैयाँ लाग्ने अनुमान छ। तत्कालीन सुधारका लागि मात्रै ३ अर्ब १९ करोड रुपैयाँ खर्च हुने प्रतिवेदनमा उल्लेख छ। त्यस्तै दीर्घकालनी पुनर्स्थापना गर्न ५१ अर्ब ९९ करोड १३ लाख रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान छ।

भग्नावशेष हटाउने, ट्र्याक खोल्ने, अस्थायी डाइभर्सन, वैकल्पिक-मार्ग मर्मतसम्भार र आपत्कालीन ढलान र किनार सुरक्षालाई तत्काल गर्नुपर्ने कार्य उल्लेख गरिएको छ। यी काम ६ महिनाभित्र गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

इञ्जिनियरिङ तथा जियोटेक्निकल मूल्यांकनको आधारमा सडकको स्थायी पुनर्निर्माण, ढल निकास र भिरालो जमिनको संरक्षण गर्नु पर्ने दीर्घकालनी कार्यका रुपमा रहेका छन्।

**सरकार...**

आन्दोलनरत पत्रकारहरूलाई हरेस नखान आग्रह गर्दै उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको कवितांश स्मरण गराए- नलडी कोही हुन्न विजेता। उनले थपे-'तपाईँहरूले सम्झौता गर्नुभयो वा पछि हट्नुभयो भने अधिकार पाइँदैन। त्यसैले आफ्नो आवाजलाई निरन्तरता दिनुहोस्।'

आफ्नो पार्टी र आफू व्यक्तिगत रूपमा पनि दशकौँदेखि अभिव्यक्ति स्वतन्त्रताको लडाइँ लड्दै आएको बताउँदै ओलीले छापा माध्यमको रक्षाका लागि एमालेको पूर्ण समर्थन रहेको स्पष्ट पारे। उनले छापा माध्यम ऐतिहासिक र तथ्यपूर्ण दस्ताबेज भएकाले डिजिटल युगमा पनि यसको महत्व कहिल्यै नघट्ने बताए।

कार्यक्रममा एमाले उपमहासचिव प्रदीप ज्ञवाली, पार्टीका प्रमुख सचेतक तथा सांसदहरूको समेत उपस्थिति रहेको थियो। अध्यक्ष ओलीले संसद् बैठक सुरु हुनेबित्तिकै सञ्चार जगतका यी समस्या र लोककल्याणकारी विज्ञापनको विषयलाई पार्टीका तर्फबाट जोडदार रूपमा उठाउने प्रतिबद्धतासमेत व्यक्त गरे।

**विद्युतीय...**

**८ हजार ५ सय भन्दा धेरै ठेक्का प्रभावित**

नेपालमा पूँजीगत खर्चसँग सम्बन्धित सबैजसो ठेक्का प्रधानमन्त्री कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले व्यवस्थापन गर्दै आएको छ। यस्ता ठेक्काको संख्या वार्षिक ८ हजार ५ सयभन्दा धेरै हुन्छ। अहिले नेपालमा आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमास चल्दैछ। नेपाल निर्माण व्यवसायी महासंघका महासचिव शिवहरी घिमिरेका अनुसार अहिले अधिकांश ठेक्का लाग्ने समय हो।

अर्थात् पीकआवरमा प्रणाली बिग्रिएसँगै धेरै ठेक्का प्रभावित बनेका छन्। 'कतिपय निकायले विद्युतीय प्रणाली छिटो बनोस भनेर कुरेको अवस्था पनि छ,' उनले भने, 'पेपरलेस भइसकेको काम पुनः पेपरमै फर्किँदा व्यवहारिक र आर्थिक रुपमा धेरै झन्झटिलो हुन्छ।'

यसले विगतमा जस्तो गुण्डागर्दीको प्रवृत्ति हावी हुने जोखिम समेत उनी देख्छन्। 'ठेक्का प्रस्ताव हाल्ने अन्तिम दिन गुण्डागर्दी गरी आफ्नो कब्जामा लिने जुन प्रवृत्ति विगतमा थियो, हार्डकपीमा फर्किएपछि सो प्रवृत्ति पुनः दोहोरिने जोखिम छ।'- उनले भने।

कार्यालयले अहिले चलाइरहेको ईजीपी सिस्टममा विश्व बैंक, एसियाली विकास बैंकजस्ता निकायहरुले प्रश्न उठाएका थिए। कतिपय निर्माण व्यवसायीले समेत यसको प्रणालीमा जोखिम रहेको भन्दै प्रश्न उठाएका थिए। त्यसपछि मात्र सरकारले प्रणालीमा जोखिम रहेको स्वीकार गरेको घिमिरे बताउँछन्। 'यो प्रणाली जोखिमपूर्ण थियो, सुधार गर्नुपर्छ भन्नेमा हामी कसैको पनि विमति छैन,' उनी भन्छन्-तर, नयाँ प्रणाली शीघ्र ल्याउनु पर्छ भन्ने मुख्य विषय हो।'

कार्यालयले हार्डकपीबाट गर्ने बोलपत्र सहजीकरण गर्न व्यवसायीलाई दुई विकल्प दिने समेत बताएको छ। यद्यपी सुरु भने भइसकेको छैन। घिमिरेका अनुसार हुलाकबाट पनि ठेक्का प्रस्ताव गर्न सकिने विकल्पमा जाने भनिएको छ। तर, सुरु भएको छैन। अर्को विकल्प जिल्ला प्रशासन कार्यालय र सम्बन्धित आयोजनामा प्रस्ताव बुझाउन सकिनेबारे समेत आश्वासन दिइएको छ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# ‘मौलिकता जोगाउँदै तिजलाई सामाजिक रूपान्तरणको पर्व बनाउन आग्रह’

*नेपाली नारीहरूको महान् चार्ड हरितालिका तीज सबैका घरमा भित्रिएको छ चाडपर्वलाई परम्परागत रुपमा महिलाले मनाउने खुशीयालीको क्षण, स्वतन्त्रताको वातावरण माइत गएर पनि आफ्नै श्रीमानको दिर्घजिवनका लागि बस्दै आएको व्रतको एक अनवरत श्रृंखलाको दिनका रूपमा हरितालिका तिजलाई लिने गरिन्छ । तिजलाइ स्थानीय सरकार प्रमुख युवा व्यवसायी सामाजिक अभियन्ताले तिजमा विकृति आएको र सुधार गर्नु पर्ने पक्ष निरन्तर औल्याउँदै त्यसकाविरुद्ध आवाज बुलन्दित पार्दै आइ रहेका छन् । हुन त देशमा आएको बिपत्तिले पनि हरितालिका तिजलाई समयानुकूल मनाउन नसकिरहेको समयमा हरितालिका तिजलाई गरिब र निमुखा महिला खुशी हुने पर्व, सबै महिलाहरुले खुशीले मनाउने पर्व अथवा समानताको वातावरणको पर्व बन्न सकेको छैन । कसरी तिजलाई संघीयता र गणतन्त्रको भावना अनुकुल बनाउन सकिएला ? त्यसैलाई लिएर अर्घाखाँची निर्वाचन जनप्रतिनिधिदेखि अन्य व्यवसायीको भावनालाई समेटेर अर्घाखाँचीबाट पत्रकार अनिल नेपालीले गरेको कुराकानी :*



हरितालिका तिज नेपाली महिलाहरूको एक महान् सांस्कृतिक र धार्मिक चाड हो । यो पर्वले केवल धार्मिक आस्था मात्र बोकेको छैन, महिलाहरूको कला, संस्कृति, र मौलिक पहिचानको संरक्षण गर्नमा समेत ठूलो योगदान पुर्‍याउँदै आएको छ । समयको परिवर्तनसँगै यो पर्वलाई आफ्नो मौलिकताभित्रै रहेर संस्कृति रक्षाको माध्यम बनाउनु आजको आवश्यकता हो ।

**धनमाया केसी**
**स्थानीय महिला अगुवा तथा व्यवसायी**
**सन्धिखर्क नगरपालिका वडा नं. ७ अर्घाखाँची ।**



हरितालिका तिजको मौलिकता समयसँगै निकै फेरिएको छ । परम्परागत रूपमा यो पर्व त्याग, भक्ति, र दिदीबहिनीबिचको आत्मीयताको प्रतीक थियो, तर आजभोलि यो तडकभडक, प्रदर्शन र आधुनिकतातर्फ बढी ढल्केको देखिन्छ, यसलाई हामीले रूपान्तरणसहित मौलिकता र परम्परागतसँग जोडेर समाज रूपान्तरणको अभियानमा लैजानुपर्छ ।

**भोला बस्याल**
**युवा व्यवसायी तथा समाजसेवी**
**ईमान समिल,सैनामैना रूपन्देही ।**



हरितालिका तिजमा मौलिक परम्परा बिर्सिएर विदेशी संस्कृति भित्रिएको विषयमा अचेल धैरै बहस र चिन्ता व्यक्त हुने गरेका छन् । यो हाम्रो मौलिक पहिचान र संस्कृति जोगाउने सन्दर्भमा सबै एकजुट भई परम्परा मौलिकता संस्कृतिको जगेर्नाको लागि लाग्नुपर्छ ।

**रेमकला खत्री**
**महिला अगुवा तथा समाजसेवी,**
**सन्धिखर्क नगरपालिका सुपादेउराली अर्घाखाँची ।**




हरितालिका तिज नेपाली महिलाहरूको एक महान् र पवित्र सांस्कृतिक पर्व हो । समयको परिवर्तनसँगै यसलाई मनाउने शैलीमा केही भड्किलोपन र आधुनिकता भित्रिए पनि यसको धार्मिक, सांस्कृतिक र मौलिक महत्त्वलाई जोगाउनु हामी सबैको दायित्व हो । तिजलाई मौलिक परम्परा अनुसार मनाउँदा गाउँका भिरपाखामा रहेका प्रतिभाको पहिचान हुने कला संस्कृतिको सम्बर्द्धन प्रवर्द्धन हुने हुन्छ प्रेरणासहित सबै महिला दिदी बहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**भीष्म कुँवर**
**वडा अध्यक्ष, छत्रदेव गाउँपालिका वडा नं. ८ अर्घाखाँची ।**




हरितालिका तिज नेपाली महिलाहरूको एक महान् र पवित्र सांस्कृतिक पर्व हो । समयको परिवर्तनसँगै यसलाई मनाउने शैलीमा केही भड्किलोपन र आधुनिकता भित्रिए पनि यसको धार्मिक, सांस्कृतिक र मौलिक महत्त्वलाई जोगाउनु हामी सबैको दायित्व हो । तिजलाई मौलिक परम्परा अनुसार मनाउँदा गाउँका भिरपाखामा रहेका प्रतिभाको पहिचान हुने कला संस्कृतिको सम्बर्द्धन प्रवर्द्धन हुने हुन्छ, प्रेरणा मिल्ने अपेक्षासहित सबै महिला दिदी बहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस्ता चाडपर्वले महिलालाई सदैव समाज रूपान्तरण जागरुक गराउनेछ भन्ने विश्वास लिएको छु ।

**नवराज भुसाल**
**वडा अध्यक्ष, शीतगंगा नगरपालिका वडा नं. ११ अर्घाखाँची ।**



चाडपर्वहरू हाम्रो पहिचानका मेरुदण्ड हुन्, र उत्सव मनाउने बहानामा आफ्नो मौलिकता, संस्कृति र इतिहासलाई बिर्सिनु हुँदैन । आधुनिकता र देखासिकीको नाममा आजभोलि हाम्रा चाडपर्वहरू बढी खर्चिला र तडकभडकपूर्ण बन्दै गएका छ । जसले गर्दा तिनीहरूको वास्तविक मर्म र पहिचान हराउने जोखिम बढेको छ । त्यसकारण महिलाहरूले हरितालिका तिजलाई समय सापेक्ष र रूपान्तरणको माध्यम बनाउनुपर्छ ।

**खड्क कुँवर**
**कुँवर समिल तथा फर्निचर उद्योग,सैनामैना ७ रूपन्देही,**
**तथा नेपाल वनवैदवार महासंघ, महासचिव**
**लुम्बिनी प्रदेश समिति**



हरितालिका तिज नेपाली महिलाहरूको एक महान् र पवित्र सांस्कृतिक पर्व हो । परम्परागत रूपमा यो पर्व दाम्पत्य जीवनको सफलता, पारिवारिक सद्भाव र शिव-पार्वतीको आराधनासँग जोडिएको छ । वर्तमान समयमा यसको धार्मिक पक्षसँगै सांस्कृतिक, सामाजिक र लैङ्गिक महत्त्व अझ बढेर गएको छ, जसले गर्दा यसलाई विशुद्ध सांस्कृतिक पर्वका रूपमा संरक्षण र परिमार्जन गर्दै मनाउनु आवश्यक छ ।

**फारमकला झाक्री**
**स्थानीय व्यवसायी तथा महिला उद्यमी**
**सन्धिखर्क नगरपालिका वडा नं. ७ अर्घाखाँची ।**

## कृष्णभीर सडक एकतर्फी सञ्चालन

बुटवल । पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभिरमा अवरुद्ध सडक एकतर्फी रूपमा सञ्चालनमा आएको छ ।

दुईवटा बुलडोजर प्रयोग गरेर सडक सम्याउने तथा आवागमनका लागि आवश्यक प्लेटफर्म तयार गर्ने काम सकिएसँगै आइतबारदेखि सडक एकतर्फीरुपमा सञ्चालनमा आएको हो ।

तत्कालका लागि अड्किएका ग्यास बुलेट तथा हेभी इक्युपमेन्ट बोकेका सवारीसाधनलाई मात्र आवतजावत गराइएको सडक विभागका महानिर्देशक डा. विजय जैसीले जानकारी दिए ।

भित्तामा नालीको काम बाँकी भएकाले बिहीबारबाट त्यो काम सकेर दुईतर्फी नै सञ्चालनमा ल्याइने पनि उनले बताए ।

यसअघि खाली ग्यास बुलेट गुडाएर सडकको भारवहन क्षमता र आवागमनको अवस्था परीक्षण गरिएको थियो ।

गत भदौ १० गते आएको त्रिशूली बाढीका कारण कृष्णभीरको सडक कटान हुँदा सडक अवरुद्ध थियो । त्यसयता सो मार्ग भएर चल्ने ठूला तथा साना सवारीसाधनहरू वैकल्पिक बाटो प्रयोग गर्दै काठमाडौं आवागमन गरिरहेका थिए ।

## ६ सय वाइसीएल बाढीप्रभावितलाई अस्थायी आवास बनाउँदै

बुटवल । बाढी प्रभावित क्षेत्रमा खटिएका वाईसीएलका स्वयंसेवकले अस्थायी आवास निर्माणको काम थालेका छन् । सुरूदेखि नै रसुवा, नुवाकोटको प्रभावित क्षेत्रमा ६ सय स्वयंसेवक परिचालन गरिएको वाईसीएलले जनाएको छ ।

बेपत्ताहरूको खोजी तथा उद्धार, घाइतेहरूको उपचार, खाद्यान्न तथा अत्यावश्यक राहत सामग्री वितरणसँगै पीडित परिवारको गाँस र बासको व्यवस्थापनमा सहयोग गरिरहेको अध्यक्ष पुष्प ओलीले बताए । राहत वितरणसँगै धादिङ र नुवाकोटका बाढीग्रस्त घरहरूको सरसफाइ र स्थानीय बासिन्दाको आवश्यकताअनुसार अस्थायी आवास निर्माणको काम अघि बढाइएको हो ।

ओलीका अनुसार मातृ पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ को निर्देशनमा टोली खटाइएको छ । स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै पहिलो चरणमा नुवाकोटको बेलकोटगढी नगरपालिका-७ स्थित ठूलो खोला, लामोस्वाँती, रातमाटे र महादेव फाँटका प्रभावित परिवारहरूका लागि १५० वटा अस्थायी आवास निर्माण गरिने उनले जानकारी दिए ।

वैकल्पिक सडक हुँदै रसुवाका प्रभावित क्षेत्रमा ग्यास, पेट्रोल, सोलार लाइट, चामल, नुन, तेल, दाल, पावर बैंक, मोबाइल सेट, सेनिटरी प्याड तथा म्याट्रेस लगायतका अत्यावश्यक सामग्री पुर्‍याइएको पनि उनले बताए ।

त्यसैगरी, त्रिशूली नदीपारि सडक सञ्जाल विच्छेद भएपछि धादिङको कठिन बाटो हुँदै नुवाकोटको विदुर नगरपालिकाका अति प्रभावित ७, ८ र ९ नम्बर वडामा पुगेर लत्ताकपडा, सिरक, डसना, औषधि, स्टेसनरी तथा खाद्यान्न सामग्री वितरण गरिएको थियो ।

वाइसिएलले हाल ‘निभेको चुलो बालौँ ! मरेको आशा जगाऔँ !!’ अभियान सञ्चालन गरी पीडितहरूलाई खाना पकाउने ग्यास र खाद्यान्न उपलब्ध गराइरहेको छ। सांगठनिक जनसम्पर्क तथा सहयोगी दाताहरूको मद्दतबाट राहत तथा पुनःस्थापनाको कार्यलाई निरन्तरता दिइएको संगठनले जनाएको छ ।

## बाह्य सहयोगमा निर्भर नहुन सुझाव

बुटवल । अर्थराजनीतिक विश्लेषक अरुणकुमार सुवेदीले भोटेकोसी बाढीपछिको पुनर्निर्माण तथा पुनर्स्थापनामा पुरै बाह्य सहयोगमा निर्भर नहुन सरकारलाई सुझाव दिएका छन् ।

विगतमा जस्तो पुनर्निर्माणका नाममा नेपाल मगन्ते बनेर हिँड्न नहुनेमा उनले जोड दिए ।

उनले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र एसियाली विकास बैंक (एडीबी)जस्ता संस्थाबाट सहयोग लिँदा विभिन्न सर्तहरू आउनसक्ने भएकाले त्यसतर्फ सरकार सचेत हुनुपर्ने बताए ।

सरकारले उपयुक्त नीति ल्याएमा निजी तथा कर्पोरेट क्षेत्रले बाढीले गरेको क्षतिलाई पुनः उठाउन सक्ने उनको भनाइ छ । निजी सम्पत्तिमा भएको क्षति व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय गैरसरकारी दाता संस्थाबाट समेत स्रोत परिचालन गर्न सकिने सुवेदीले बताए। नेपालभित्रको निजी क्षेत्रलाई उदार वातावरण बनाइदिएर पुँजी परिचालन गर्न सकेमा बाढीबाट विस्थापित नागरिकको पुनर्वाससमेत निजी क्षेत्रले सहयोग गर्न सक्ने उनले बताए । आन्तरिक स्रोत र नागरिककै मेहनतबाट रसुवा बाढीको पुनर्निर्माण र पुनर्स्थापना सम्भव हुने उनको दाबी छ ।

उनले भने- ‘हामी यो पुनर्निर्माणका लागि अहिले मगन्ते हुने सम्भावना मैले देखिरकेको छु । पहिलेका सरकारहरू जस्तै नहुनलाई म अनुरोध गर्छु । हाम्रो आन्तरिक स्रोतले नै धेरै कुरो अहिले हामी निर्माण गर्नसक्छौँ । जरुरत परेमा हामी नीति र विधि उपयुक्त भएमा बाह्य स्रोतलाई पनि लिएर आउन सक्छौँ । पुनर्निर्माणमा वातावरणलाई अगाडि सारेर वर्ल्ड बैंक, आईएमएफ, एडीबीहरूले भए नभएका सर्तहरू अगाडि लिएर आउन सक्छन् । त्यस कुरामा उहाँहरूलाई नलाग्न म अनुरोध गर्छु ।’

उनले बाढीपछिको पुनर्निर्माणमा जल उत्पन्न प्रकोप व्यवस्थापन र जलस्रोतको राष्ट्रिय स्वार्थलाई प्राथमिकता दिन पनि सरकारलाई सुझाव दिए ।

जलवायु न्यायका विषयमा हुने अन्तर्राष्ट्रिय बहसमा नेपालले आफ्ना तत्कालीन राष्ट्रिय हित र जलस्रोत व्यवस्थापनमा केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com